मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com




वर्ष ३ • अंक १२६ • २०८१ साल चैत्र ०७ गते बिहीबार • Thursday 20, March 2025 • सूर्योदयः बिहान ६:०९ बजे • सूर्यास्तः साँझ ६:१६ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

# महायज्ञस्थलमा दलितको घर भत्काएर २ फिट माटो फालियो

## पालिका अध्यक्षले घरमा डोजर लगाउँदा जनमतका पालिका अध्यक्ष मतियार







**अर्जुन थपलिया**
**सिरहा ।**

२१ औँ शताब्दी र अझ भौगोलिक हिसाबले सुगम मधेश प्रदेश । देशका कुनाकाप्चामा पुगेर शिक्षाको उज्यालो घाम छर्ने मधेश प्रदेशकै शिक्षकहरु । तर यही मधेश प्रदेशमा धर्म, वर्ग र जातिका नाममा कतिसम्म घृणित कार्य कायमै छ भन्ने एउटा लज्जाजनक घटना बाहिरिएको छ ।

औरही गाउँपालिकामा चैत १७ गतेदेखि हुन लागेको विष्णु महायज्ञस्थलस्थित दीपक मरिक (डोम) को घर भत्काएर हटाइएको छ । महायज्ञ स्थलमा कथित अछुत डोम राख्न नहुने भनेर यज्ञका कर्ताधर्ता मानिएका महात्यागी बजरंगी बाबाले भनेपछि पालिका अध्यक्ष शिवजी यादवले पालिकाकै जेसिभी लगाएर मरिकको घर भत्काउन लगाए । मरिकको घर मात्र भत्काइएन अपितु अछुतले छोएको माटो भनेर मरिकको घरले चर्चेको स्थानको दुई फिट माटो खनेर फालिएको छ ।

थातथलो भत्काएर मरिक परिवारलाई बिस्थापित गराइएपछि सुन्दर जनता माध्यमिक विद्यालय औरहीमा २ धुर जग्गामा (एक कुनामा) दुई कोठाको फुसको घर बनाएर राखिएको छ । विगत ३० वर्षदेखि मरिक परिवारको थातथलो रहेको स्थानमा जनता आवास कार्यक्रमबाट ५ वर्षअघि दुई कोठे पक्की भवन पालिकाले नै बनाइदिएको थियो । आवास भत्काइएपछि मरिक परिवार बिलखबन्दमा परेका छन् ।

'यहाँ महायज्ञ गर्नु पर्नेछ, यहाँबाट तिमीहरु हट्नु पर्छ' भनेर गाउँपालिका अध्यक्ष शिवजी यादव र वडा नम्बर ५ का पूर्व वडाध्यक्ष दिलीप यादवले दबाब दिएको दीपककी पत्नी अनिताले बताइन् । गहभरी आँशु पार्दै उनले बिलौना गर्दै भनिन् , 'हामी सपरिवार त्यहाँ हासीखुशी गुजारा गर्दै थियौँ ।' त्यहाँ हाम्रो बालबच्चाको नाभी जोडिएको थियो, भावना जोडिएको थियो । तर अहिले हामीलाई यो एकान्त सुनसान ठाउँमा ल्याएर बस्न बाध्य बनाए । घर भत्काएर डंगुर बनाइदिए । माया लाग्यो, मन थाम्न सकिनँ । एउटा–एउटा ईँट टिपेर ल्याएँ ।' यज्ञ शुरु हुनुअगावै फागुन १० गते मरिकको थातबास खोसियो । बिल्लीबाठ बनाइयो । माटोसमेत फालेर पालिका सरकार प्रमुखले नै छुवाछुतका नाममा विभेद संस्थागत गरे ।

अनिताले भनिन्, 'हामी ड्युटीमा थियौँ । पालिका अध्यक्ष शिवजी यादव र पूर्व वडाध्यक्ष दिलीप यादव जेसिभी लिएर आएछन् । घर भत्काउन थाले । ४ दिनअघि छोराको बिबाह गरेर बुहारी भित्र्याएका थियौँ । नयाँ बुहारी र ससाना लालाबालाले सकेजति सामान झिके । झिक्न नभ्याएको सामान पुरियो ।'

अनिता भक्कानिँदै भन्छिन्, 'डोमको कोखमा जन्मेकै कारण छुवाछुतको अपमान र भुक्तमान भोग्नु परेको छ ।' नयाँ ठाउँमा खानेपानीको धारा छैन । अछुत भनेर कसैले आँगन टेक्न दिँदैनन् । चापाकलमा पानी भर्न दिँदैनन् । चैतको चर्को घाम छ । तिर्खाले छटपटाएका छन् । कट्टेरा जस्ता दुई चारवटा भाटामाथि पुरानो थोत्रो जस्ता हालेर घर ठड्याइदिएका छन् । 'बिजुली छैन, गर्मी बढेसँगै सर्प निस्कन्छ, अँध्यारोमा डराइडराइ रात काट्छौँ,' अनिता भन्छिन्, 'दलित भएर बाँच्न कति कठिन छ ।' स्कूलले जग्गा खली गर भने त्यहाँबाट पनि उनीहरुको उठिबास हुन्छ ।

अनिता भन्छिन्, 'नयाँ घर बनाइ दिएका छौँ भन्छन् तर यो ठाउँ वर्षायाममा बाढी बग्ने र तलाउ हुने ठाउँ हो । पालिकाको जेसिभी ल्याएर नदीबाट माटो कोपरेर अग्लो पारिदिए । वर्षायाममा यहाँ बालबच्चा लिएर कसरी बस्नु ? ठूलो भल आउँछ । झुपडी एकै दिनमा बगाउँछ । यस्तो ठाउँमा झुपडी हालेर बस भने ।'

अनिताकी छोरा अर्जुनले भने, 'के हामी मान्छे होइनौँ ? हाम्रो घर त्यहाँ हुँदा यज्ञ गर्न कसरी अप्ठ्यारो हुन्थ्यो ? त्यहाँ अरु जातिको घर भत्काइएन । डोम भएकै कारण हाम्रो घरमा डोजर चल्यो । अछुत भनेर त्यहाँको माटो समेत खनेर फालियो ।' दीपक र अनिता मरिकको १७ वर्षीय छोरा अर्जुन र नवबिबाहिता बुहारी, १३ वर्षकी छोरी किरण कुमारी, १० वर्षकी छोरी प्रीति र ७ वर्षीय छोरा आकाश मरिकसहितको ७ जनाको परिवार छ ।

पालिका अध्यक्ष शिवजी यादव मरिक परिवारको घर भत्काइएको स्वीकार गर्छन् । उनले भने, 'त्यहाँ कृषि बजार लगाउन ३ करोडमा टेन्डर लागेको छ । चौतर्फी बाउन्ड्री वाल लगाउनु छ । त्यसकारण भत्काइएको हो ।' घर भत्काएर अर्को स्थानमा पुनःस्थापना गरिदिएको भन्दै यादवले भने, 'क्याम्पस बनाउन यज्ञ आयोजना गरिएको हो । सामाजिक भलाइको कामकै लागि हो । अछुत भनेर घर भत्काइएको होइन ।' घटनालाई मिडियामा नचर्काउन उनले आग्रह गरे । पूर्व वडाध्यक्ष दिलीप यादवले भने, 'अर्को घर बनाइ दिएका छौँ । यसमा हाम्रो के गल्ती भयो त ?' उनी जनमत पार्टीका औरही पालिका अध्यक्ष पनि हुन् ।

औरही पालिकामै घर भएका राष्ट्रिय दलित आयोगका पूर्व सदस्य कबुली पासवानको भनाइमा यहाँ ५ घर दास तत्माको छ । अरु कसैको घर भत्काइएन तर एक घर मरिक (डोम) को मात्र घर भत्काइयो । घर मात्र भत्काइएन, माटो समेत खनेर फालियो । बजरंगी बाबाले त्यो ठाउँ पवित्र गर्ने भन्दै जल छर्किए । यो सरासर छुवाछुतको अपराध हो । उनले दोषी बजरंगी बाबा, पालिका अध्यक्ष शिवजी यादव र पूर्व वडाध्यक्ष दिलीप यादवमाथि कानूनबमोजिम कारबाही गर्न माग गरे । पासवानले राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय दलित आयोगको ध्यानाकर्षण गराउँदै घटना छानबिन गर्न आह्वान गरे ।

# मधेश झरेर प्रचण्डवाणीः सरकार धेरै जाँदैन



जनतासँग माओवादी तराई–मधेश जागरण अभियानक्रममा अध्यक्ष प्रचण्ड जनयुद्धका शहीद अच्छेलाल कुशवाहाको घरमा बसेका छन् । तस्बिरः अध्यक्षको सचिवालय

**मधेशदृष्टि**
**बारा ।**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले अप्राकृतिक रूपमा जन्मिएको वर्तमान सरकार अब धेरै अगाडि जान नसक्ने बताएका छन् । केही दिनदेखि स्थगित 'जनतासँग माओवादीः तराई–मधेश जागरण अभियान'क्रममा सिमरामा आयोजित जनसभामा प्रचण्डले सरकार चल्न नसक्ने र टिक्न पनि नसक्ने बताएका हुन् ।

'सबै राम्रो काम हुँदै गर्दा दलाल र बिचौलियाले अनेक षड्यन्त्र गरेर मेरो नेतृत्वको सरकार ढाले र यो सरकार बनाए । तर, त्यो टिक्ने र चल्ने वाला छैन,' उनले भने, 'अप्राकृतिक तरिकाले जन्मेको सरकार भएकाले धेरै अगाडि जाने वाला छैन । यसले राष्ट्र र जनताको पक्षमा काम गर्न पनि सक्दैन ।' एमाले–कांग्रेसबीचको गठबन्धनबाट बनेको वर्तमान सरकारको जन्म नै भ्रष्टाचारीलाई बचाउन भएको भन्दै प्रचण्डले जनताले बुझिसकेकाले पनि सरकार लामो समय नजाने बताए ।

नेकपा माओवादी केन्द्रले जागरण अभियान फेरि शुरु गरेपछि प्रचण्ड मधेश झरेका हुन् । अभियान शुरु गर्न माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसहितका नेता बाराको सिमरा आइपुगेका थिए । सिमरा विमानस्थलमा अभियान टोलीलाई जीतपुर सिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेलसहित स्थानीय नेता तथा कार्यकर्ताले स्वागत गरे । प्रचण्ड बुधबार सिम्रौनगढमा बसेका छन् । उनले विहीबार दिनभर बाराका कार्यक्रममा सहभागी हुने र शुक्रबार पर्सा पुग्ने कार्यक्रम छ ।

फागुन १२ गते झापाको कचनकबलबाट शुरु भएको अभियान फागुन २४ गते स्थगित गरिएको थियो । एक दिन एक जिल्लामा बिताउने र जनतासँग भेटघाट गर्ने अभियान बुधबार पुनः शुरु भएको हो । चैत ७ र ८ गते बारा र पर्साको कार्यक्रम सकिएपछि माओवादी नेताहरुको टोली चैत ९ गते चितवन जाने छ ।

# गौर नगरपालिकाद्वारा सबै निर्णय स्थगित

**राकेश यादव**
**रौतहट ।**



गौर नगरपालिकाले बिगतमा गरेका सबै निर्णय स्थगित गरेको छ । गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले अधिग्रहण कार्य कार्यान्वयन गर्न बिगतमा गौर नगरपालिकाबाट भएका निर्णय स्थगित गरिएको बताए ।

लामो समयदेखि अधिग्रहण प्रक्रियामा रहेको गौर राइस आयल एन्ड फ्लोर मिल्स लिमिटेडको नाममा रहेको करिब ६ बिघा जग्गामध्ये खेलकुद प्रयोजनका लागि सञ्चालक समितिसँग २ बिघा १५ कट्ठा जग्गा निःशुल्क लिन लागेको विषय सार्वजनिक भएपछि राइस मिल्सको जग्गा बिक्री गर्न पाइँदैन भन्दै दलका नेताहरु मात्रै होइन स्थानीयसमेत पछिल्लो २ हप्तादेखि बिरोधमा उत्रिएका छन् ।

गौर राइस मिलका नाममा रहेको ५ बिघा १९ कट्ठा १५ धुर जग्गा मुआब्जा दिएर अधिग्रहण गर्नु भनेर नेपाल नागरिक समाजका नेतृत्वमा भएको सर्वपक्षीय बैठकबाट अनुरोध गर्ने निर्णय नगरपालिकालाइ जानकारी गराइएपछि नगरपालिकाले सबै जग्गा अधिग्रहण प्रक्रियामा जाने निष्कर्षमा पुगेको हो । नगर प्रमुख साहले नेपाल नागरिक समाजको नेतृत्वमा सर्वपक्षीय–सर्वदलीय टोलीले गौर राइस मिलको सबै जग्गा अधिग्रहण गर्ने रकमको व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गरेकाले स्थगित गरिएको बताए ।

२००३ सालमा रौतहटको ठूलै उद्योगको रुपमा भारत र नेपालका शेयर धनीको लगानीमा स्थापना भई सञ्चालनमा आएका गौर राइस मिल २०३० सालसम्म नियमित सञ्चालन भई बन्द भएको स्थानीय वयोवृद्धको भनाइ छ । मिल बन्द भएपछि जग्गा ठूला आयोजना, महोत्सव, मेला, धार्मिक कार्य, उत्सवका साथै क्रिकेट खेलमैदानका रुपमा प्रयोग हुँदै आएको छ । गौर राइस मिलका नाममा रहेको जग्गा बिक्रीवितरण गर्न सञ्चालक समितिले चलखेल गरेपछि २०६६ सालमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको सरकारले सिधै अधिग्रहणको निर्णय सर्वोच्च अदालतले बदर गरेपछि अहिलेसम्म जग्गा अलपत्र छ ।

जग्गा अधिग्रहण प्रक्रिया पूरा भई मूल्यांकनसमेत भइसकेकाले मूल्यांकनअनुसार १६ करोड रुपैयाँ जिल्ला प्रशासन कार्यालयमा प्रदेश सरकार या संघीय सरकारले धरौटी राखेपछि गौर नगरपालिकाका नाममा जग्गा आउन सक्ने अवस्था छ । जग्गा अधिग्रहण गर्न रकमको जोहो गर्नु पर्ने मुख्य चुनौती रहेकाले जिल्लाका सबै निर्वाचित जनप्रतिनिधि, राजनीतिक दलका नेता, नागरिक समाजका अगुवाले दबाब दिन आवश्यक छ ।




सम्पादकीय

# राजावादीको डर र माओवादीलाई मधेशी जनताको भर

रौतहटमा कार्यक्रम गर्दागर्दै के के न बित्यो जसरी नेकपा माओवादी केन्द्रले आफ्नो तराई मधेश जागरण अभियान नै स्थगित गरेको थियो । माओवादीका शीर्षस्थ नेताहरु राजधानी काठमाडौँ फर्किए अनि पदाधिकारी बैठक बसे । यो बीचमा संसदमा र सबैतिर माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको एउटै भनाइ बरोबर आइरह्यो, ‘सरकारको रवैयाले राजावदी हौसिए ।’

उनले ज्ञानेन्द्र शाहको परिवारमाथि संगीन आरोप लगाए । गणतन्त्र मास्न खोजे नेपाली जनताले तह लगाउने बताए । देशलाई बंगलादेश बनाउँछु भन्ने अराजक समूहबाट बाहेक तत्काल गणतन्त्रलाई कतैबाट खतरा छैन । तर माओवादीले आफ्नो अभियान किन स्थगित गरेर हतारमा काठमाडौँ गयो र फेरि मधेश फर्कियो भन्नेबारे अब प्रष्ट पार्दै जाला । देशमा बढेको अराजकताले मात्नै व्यवस्थामाथि प्रहार भइरहेको हो । यसलाई व्यवस्थित गर्ने माध्यम सुशासन र सादगी राजनीतिक चालढाल हो । नेताहरुको लवाइखवाइ, बसाइ, शानशौकतले जनता आजित छन् । अनावश्यक तथ्यांकहरु प्रस्तुत गरेर नेताहरु खराब र यो व्यवस्था जनतामारा भनेर देखाउने प्रयासहरुको दलहरुले मिलेर खण्डन गरेनन् । एकले अर्कोलाई अर्थात् सरकारमा बस्नेलाई दोष थुपार्दा अहिले सबै संकटमा परेका हुन् ।

यसैबीच फेरि नेकपा माओवादी केन्द्र जागरण अभियान अभियान लिएर मधेश झरेको छ । माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसहितका नेताहरु बाराको सिमरा आइपुगेका छन् । सिमरा विमानस्थलमा अभियान टोलीलाई जीतपुर सिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेलसहित स्थानीय नेता तथा कार्यकर्ताले स्वागत गरे । प्रचण्ड सिम्रौनगढ बसेका छन् । विहीबार दिनभर बाराका कार्यक्रममा सहभागी भएर शुक्रबार पर्सा पुग्ने कार्यक्रम तय भएको छ । फागुन १२ गते झापाको कचनकवलबाट शुरु भएको अभियान २४ गते रौतहट पुगेर एक्कासि स्थगित भएको थियो ।

एकदिन एक जिल्लामा बिताउने र जनतासँग भेटघाट गर्ने अभियान पुनः शुरु भएको छ । चैत ७ र ८ गते बारा र पर्साको कार्यक्रम सकिएपछि माओवादी नेताको टोली ९ गते चितवन जानेछन् । पूर्वपश्चिम राजमार्ग र हुलाकी मार्गमा केन्द्रित माओवादी केन्द्रको जागरण अभियान बीचबीचमा विश्राम गर्दै अघि बढ्ने छ र सुदूरपश्चिमको कञ्चनपुर पुगेर सम्पन्न हुनेछ । यसअघि माओवादी केन्द्रले अभियानका लागि तयार पारेको तालिकाअनुसारको कार्यक्रम भने यसपटक सार्वजनिक भएको छैन ।

माओवादी मधेश झरिरहँदा उसले व्यवस्था यो अवस्थामा आउनुमा राजावादी शक्तिले फेरि जनता हुँडल्नुमा आफ्नो दोषको हिस्सा कति जनतालाई बुझाउन सक्छ र जनताको मन जितेर फर्कन सक्छ ? प्रश्न यही हो कि, माओवादीले जनतालाई २०५२ सालमा बाँडेको सपना, जनताले साथ दिएर ल्याइएको गणतन्त्र र संघीयताल किन जनताका दिन फिरेनन् ? उही सुकेनास आर्थिक अवस्थामा जनता अरु कमजोर भइरहे ? राष्ट्रियता कमजोर हुनुमा माओवादीको दोष कति छ ? यिनै विषय छिमलेर मधेशले विगतमा दिएको साथ अब माओवादीलाई किन चाहिन्छ भन्ने विषय पनि टुंग्याउने गरी माओवादीले अभियानमा प्रष्ट पार्न सक्नु पर्छ ।

# गिरिजाबाबुले नै हो ‘राजा’ फालेको



डा शोभाकर पराजुली

२०६३ साल जेठतिर । जनआन्दोलनको रापताप सेलाइसकेकै थिएन । जेठ ४ गते पुनःस्थापित प्रतिनिधिसभाले सारा अधिकारहरू कटौती गरेर तत्कालीन ‘राजा’ ज्ञानेन्द्र शाहलाई ‘निलम्बन’ गरेको थियो। राजा निलम्बन अर्थात् ‘अधिकारविहीन’ भएको अनि राष्ट्रपति नभइसकेको त्यो समय गिरिजाप्रसाद कोइराला नै राष्ट्राध्यक्षको रुपमा हुनुहुन्थ्यो । नेपालको राजनीतिक इतिहासमा त्यो पहिलोपटक भइरहेको जहाँ एक सामान्य नागरिक राष्ट्रप्रमुख र सरकार प्रमुख भएर राजकाज चलाइरहेको थियो । विश्व राजनीतिक इतिहासमा पनि त्यो अलि दुर्लभ अनि मौलिक तरिका थियो।

माओवादीलाई पनि संसदीय राजनीतिमा ल्याउनका लागि गिरिजाप्रसाद कोइराला आफ्नो सारा राजनीतिक जीवन नै दाउमा लगाउनुभएको थियो । ‘गणतन्त्र’ को बटमलाइनबाट टसमस नभइरहेको माओवादी १० वर्षसम्म राज्यविरुद्ध लडेर आएको एउटा विद्रोही राजनीतिक पार्टी थियो । लामो समय हतियार युद्ध लडेको पार्टीलाई सम्हाल्न आफैँमा धेरै चुनौतीहरू थिए । त्यसमा पनि ‘राजा फाल्ने’ विषय भनेको कम्ती चुनौतीपूर्ण थिएन । राजा राख्ने कि नराख्ने भनेर दलहरू आफैमा विभाजित थिए । माओवादी जसरी भए पनि राजा फाल्ने जिद्दीमा थियो । अरु पार्टीहरू ‘हो’मा ‘हो’ मिलाउँथे । तर सबैले त्यसका लागि ‘गिरिजाबाबु’ को निर्णय पर्खिरहेका थिए । तर त्यसबारेमा गिरिजाबाबु खुलेर बोल्नभएको थिएन।

त्यसअघि नै माओवादी झस्किसकेको थियो । २०६२ साल कात्तिक ७ गते सात तत्कालीन राजनीतिक दल र सशस्त्र युद्धरत नेकपा माओवादीबीच भएको सात १२ बुँदे समझदारीमा ‘निरङ्कुश राजतन्त्रको अन्त्य’ भनेर लेखिएको थियो । त्यो बुँदामा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई मनाउन निकै धौ–धौ भएको थियो । त्यसका लागि गिरिजाबाबुले निकै मेहनत पनि गर्नुभयो । प्रचण्ड जी त ‘त्यो हुँदै हुन्न’ भनेर सात पटक सम्म संवाद छोड्नुभएको थियो । तर गिरिजाबाबुले ‘निरङ्कुश राजतन्त्रको अन्त्य’ भनेकै ‘राजतन्त्रको अन्त्य’ हो भनेर व्याख्या गर्नुभयो।

त्यो बेला तत्कालीन जनमोर्चाका अमिक शेरचनजी र नेमकिपाका नारायणमान बिजुक्छेले भन्नु भएको थियो ‘गिरिजाबाबुसँग हाम्रा कतिपय असहमति छन् । विचारमा बेमेलहरू होलान् र उहाँले जनता राष्ट्रघातका पक्षमा कहिल्यै सम्झौता गर्नुहुन्न भन्ने विश्वास हामीलाई छ । त्यही आधारमा हामी हस्ताक्षर गर्छौँ ।” उहाँहरू अहिले पनि जीवितै हुनुहुन्छ । सातबुँदे सहमतिमा भने नेमकिपाका प्रेम सुवालले हस्ताक्षर गर्नुभएको छ । ऐतिहासिक शान्ति सम्झौताको प्रस्थान विन्दु मानिने त्यो १२ बुँदे समझदारीको ३ नम्बर बुँदामा यस्तो लेखिएको छ।

‘देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ । त्यसैले हामी निरङ्कुश राजतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ सङ्कल्पित छौँ । यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनैतिक धारमा अघि बढ्न नेकपा–माओवादी) प्रतिबद्धता व्यक्त गर्दछ ।

यसै सन्दर्भमा निरङ्कुश राजतन्त्रको अन्त्य पछि हुने संविधानसभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसङ्घ वा भरपर्दो अन्तरराष्ट्रिय सुपरिवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझदारी भएको छ । वार्ता प्रक्रियामा भरपर्दो अन्तरराष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौँ।’

यही बुँदामा उल्लेख गरिएको ‘निरङ्कुश राजतन्त्रको अन्त्य’ भन्ने ठाउँमा ‘राजतन्त्रको अन्त्य’ मात्रै लेख्न चाहन्थ्यो माओवादी । आज पनि त्यही आधारमा २०६२÷०६३ को जनआन्दोलनको राजतन्त्रकै अन्त्य गर्ने मनसाय थिएन भन्ने भाष्यहरू निर्माण भएका छन् । तर गिरिजाबाबुले त्यो बेला निकै सोचीसम्झी त्यो शब्द राख्नुभएको थियो । २४० वर्षसम्म अविछिन्न एउटा शासक वर्गकै अन्त्य कम्ता चुनौतीपूर्ण थिएन । देश आन्तरिक ‘गृहयुद्ध’ ले थिलथिलो भइसकेको थियो । त्यसैले गिरिजाबाबु थप रक्तपात चाहनुभएको थिएन । सिधै राजा र राजसंस्थाकै अन्त्य गर्ने भनिएपछि त्यसबाट अनेकथरि प्रतिक्रान्ति हुनसक्थ्यो वा रक्तपात हुनसक्थ्यो । सदियौँदेखि दरबारप्रति बफादार र उत्तरदायी भएर बसेको नेपाली सेनाभित्रै त्यसले विद्रोह पनि निम्त्याउनसक्थ्यो । यद्यपि त्यो बेला अन्तरराष्ट्रिय समुदाय दलहरूको लोकतान्त्रिक आन्दोलनको पक्षमा थियो । र, पनि त्यसका कैयाँ◌ै आन्तरिक अवशेषहरू थिए । जो राजा र राजसंस्थाप्रति निकै बफादार थिए।

त्यो समझदारीसँगै माओवादी पनि हतियार बिसाउन तयार भयो । जनआन्दोलनको बेग थाम्न नसकेर राजा ज्ञानेन्द्रले प्रतिनिधिसभा पुनःस्थापनाको घोषणा गरे । त्यही पुनःस्थापित प्रतिनिधिसभाले राजाका सबै संवैधानिक अधिकारहरू कटौती गरिदियो । राजा निलम्बित अवस्थामा पुगे । गिरिजाबाबु राष्ट्राध्यक्षको जिम्मेवारीसहित अन्तरिम सरकारका प्रधानमन्त्री हुनुभयो । तर ‘राजा फाल्ने’ कुरामा गिरिजाबाबु निकै समय मौन रहनुभयो । थप रक्तपात नहोस् भनेर तत्कालका लागि ‘बेबि किङ’को अवधारणामा समेत पुग्नुभयो । उहाँ आफैले त्यो कुरा सुरुमा बोल्नुभएन । पुत्री सुजाता कोइरालालाई विराटनगरमा उहाँले त्यो प्रस्तावबारे बोल्न लगाउनुभएको थियो । तर तत्कालीन राजा ज्ञानेन्द्रले त्यो प्रस्तावलाई सिधै अस्विकार गरिदिए । त्यो प्रस्ताव लिएर जाने दरबारका प्रतिनिधिलाई उनले निकै हपारेको कुरा पछि गिरिजाबाबुले सुनानउनुभएको थियो । यद्यपि राजतन्त्र राख्ने वा नराख्ने भन्ने कुरा संविधानसभाको पहिलो बैठकले निर्णय गर्ने भनेर संविधानमा लेखिएको थियो । पुनःस्थापित प्रतिनिधिसभाले राजाका उत्तराधिकारीबारे एउटा विधेयक पनि पारित गरिसकेको थियो । जसमा ‘राजाका छोरा वा छोरी’मध्ये जसलाई पनि गद्दीको उत्तराधिकारी बनाउन सकिने भन्ने थियो । त्यसैका आधारमा गिरिजाबाबुले ‘बेबी किङ’को अवधारणा बनाउनुभएको थियो । तर ज्ञानेन्द्रले फेरि उहाँको प्रस्ताव रिजेक्ट गरिदिए । त्यसपछि नै गिरिजाबाबुले ‘इनफ इज इनफ’ भन्दै ‘अब त हुँदै हुन्न’ अर्थात् यी ‘राजा रहन्नन्’ भन्नुभएको थियो । त्यतिमात्रै होइन गिरिजाबाबु र राजा नहुँदैदेखि ज्ञानेन्द्रबीच जहिल्यै तनावपूर्ण सम्बन्ध थियो। त्यसमा व्यक्तिगत, कतिपय पारिवारिकर राजनीतिक विषयहरू पनि थिए।

२०५८ साल असार २८ गते भएको ‘होलेरी काण्ड’ले ज्ञानेन्द्र गिरिजाबाबुबीच दूरी झन् बढेको थियो । त्यो बेला तत्कालीन माओवादीले नियन्त्रणमा लिएका ७२ जना प्रहरीलाई छुटाउनका लागि सरकारले सेनाको सहयोग मागेको थियो । तर दरबार सेना दिन तयार भएन । त्यसका लागि गिरिजाबाबु पटक पटक दरबार जाने प्रयास पनि गर्नुभयो । तर ज्ञानेन्द्रले झुलाइरहे । र, निकै अपमान गरे । त्यो मिसन सफल नभएपछि गिरिजाबाबुले राजीनामा दिनुभयो । र ‘ज्ञानेन्द्रको अनुहारै नहेर्ने’ भन्नुभएको थियो । त्यसपछिका दिनमा लगभग त्यस्तै भयो पनि उहाँले ज्ञानेन्द्रको अनुहार हेर्नैपरेन । जनआन्दोलनबाट फर्किएको संसद्को बलियो सरकारका तर्फबाट पठाएको प्रस्ताव पनि निलम्बित राजाले स्विकार गरेनन् । त्यसपछि प्रस्ट थियो, गिरिजाबाबु राजसंस्था बचाउने पक्षमा रहनुभएन । गिरिजाबाबुले नचाहेको भए देश सायद अर्कै अवस्थामा हुन्थ्यो होला।

नभन्दै २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट राजसंस्थाको अन्त्य भयो । र, देश गणतन्त्रात्मक व्यवस्थामा पुग्यो । त्यो एउटा युगको सुरुआत गिरिजाबाबुको राजनीतिक जीवनको सबैभन्दा ऐतिहासिक उपलब्धि पनि थियो ।उहाँ आफैले त्यो दिन भन्नुभएको थियो ‘एक जुग एक दिन एकपटक मात्रै आउँछ ।’ गोपालप्रसाद रिमालको यो कबितांश गिरिजाबाबुको राजनीतिक जीवनमा एउटा यस्तो विन्दु बन्न पुग्यो जसले गर्दा जीवनभरि आलोचना गर्ने, गाली गर्नेहरूले पनि ‘राजनेता भनेको गिरिजाबाबुजस्तो हुनुपर्छ’ भन्ने विम्ब बनाउन थाले । गिरिजाप्रसादको राजनीतिक जीवनको अर्को विम्ब त्यही हो ‘कहिल्यै नहार्ने, कहिल्यै नथाक्ने ।’ व्यक्तिगत जीवनका सारा पलहरू गिरिजाबाबुले राजनीतिमै बिताउनुभयो । राजनीतिको त्यति स्पष्ट बाटो, अविचलित यात्रा अनि निर्णयमा दृढता भएको राजनेता अब नेपालमा जन्मिन अझ धेरै वर्ष कुर्नुपर्ने हुनसक्छ । दुनियाँ एकातिर हुँदा पनि उहाँ आफ्नो निर्णय अनि लक्ष्यमा पुग्ने दृढताबाट कहिल्यै विचलित हुनुभएन । त्यही नै गिरिजाशुत्र थियो । जसले उहाँलाई नेपालको राजनीतिक इतिहासमा सबैभन्दा अग्लो स्थानमा पु¥यायो।

नेपाली राजनीतिमा कोइराला परिवारको आफ्नै इतिहास छ । राजनीतिक इतिहासका ती पानामा राष्ट्र अनि जनता र प्रजातन्त्रप्रति कोइराला परिवारका सङ्घर्ष, त्याग, समर्पण र बलिदानका कैयौँ कथाहरू छन् । इतिहासका ती त्यस्ता जिउँदा अक्षर र शब्दहरू हुन्, जसले नेपाली राजनीतिलाई सधैँ अग्रदिशा दिएको छन् । देशका हरेक सङ्घर्ष अनि परिवर्तनका मोडहरूमा कोइराला परिवारका अजर पाइलाहरू सधैँ देशको राजनीति पछयाउने पदचाप बनेका छन् । त्यसमध्येका एक गिरिजाबाबु पनि हुनुहुन्थ्यो।

विसं.२०५८ साल मङ्सिर ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले देशमा सङ्कटकाल लगाएपछि राजा र गिरिजाबाबुबीचको आन्तरिक लडाइँ सतहमै आएको थियो । दुई शक्तिकेन्द्रबीचका कैयन वैमनस्यहरू एकैपटक छताछुल्ल भएका थिए । ती धेरै राजनीतिक थिए कतिपय पारिवारिक थिए । एक प्रकारले इतिहासको कुनै कालखण्डमा ‘दरबार’ अनि कोइराला परिवार अलग अलग ‘शक्तिस्तम्भ’ रहे । यी दुईबीच सधैं एकप्रकारको टक्कर रहि रह्यो।

दरबार हत्याकाण्डपछि नेपालको राजकीय राजनीतिको विरासतमा एकप्रकारले ‘शाही कुण्डली’को पात्रो फेरिएकै हो । त्यसमा पनि राजा ज्ञानेन्द्रको माथमा पलाएको शक्तिको उधुम महत्वाकाङ्क्षा आखिरमा त्यो विरासत अन्त्य अनि देशको व्यवस्था परिवर्तनको एउटा ‘मुहूर्त’ बनिदियो । दुई सय ४० वर्षदेखि जिउँदो इतिहासको अन्तिम पानामा राजा ज्ञानेन्द्र सिङ्गो विरासतलाई नै धुमिल बनाउँदै बाहिरिए।

सङ्कटकालको सुरुवातमै गिरिजाबाबुले औपचारिक–अनौपचारिकरुपमै भनिसक्नुभएको थियो ‘अब राजा रहन्नन्’ । आखिरमा देशमा राजामात्रै रहेनन्, बरु एउटा ‘तन्त्र’ नै फेरियो । व्यवस्था परिवर्तनको यो मोड गिरिजाबाबुको राजनीतिक अनि व्यक्तिगत जीवनको अन्तिम ‘इनिङ’ थियो।

कृष्णप्रसाद कोइराला भारतको गिरिजादेवी दर्शन गर्न जानुभएको थियो साथमा उहाँकी धर्मपत्नी दिव्या कोइराला पनि हुनुहुन्थ्यो । त्यो बेला दिव्या गर्भवती पनि हुनुहुन्थ्यो। गिरिजादेवी दर्शनका बेला उहाँहरूले एउटा सङ्कल्प गर्नुभएको थियो, छोरा वा छोरी जसको जन्म भए पनि उसको नाम ‘गिरिजा’ हुनेछ । ‘गिरिजा’ शब्दको धार्मिक अर्थ हिमालयकी छोरी अर्थात् ‘पार्वती’ हो।

विसं १९९८ असार १८ गते भारतको दीप नगरमा कोइराला परिवारको एउटा हाँगो जन्मियो अर्थात् गर्भको त्यही ‘गिरिजा’ । त्यो मात्र एउटा कोखको गर्भ थिएन बरु त्यो नेपाली राजनीतिको एउटा यस्तो शिखर बन्यो जसलाई छुनका लागि अझै कैयन् युग पर्खिनुपर्ने हुन्छ । राणा शासनको कोपभाजनमा परेर त्यो बेला कोइराला परिवार नै भारतमा निर्वासित जीवन बिताइरहेको थियो। कृष्णप्रसाद र दिब्या पनि आफ्ना सारा परिवारका साथ भारतमै हुनुहुन्थ्यो, हालको विहार सुपौलमा।

‘देशद्रोह’ अभियोग भिराएर त्यो बेला निर्वासित गरिएका कृष्णप्रसादहरूलाई राणाहरू फेरि देश फर्किने अनुमति दिए । देश फर्किएपछि उहाँले आफ्नै ठाउँमा एउटा विद्यालय पनि स्थापना गर्नुभयो । ‘आदर्श’ स्कुल देशकै पहिलो हो । त्यहीँ नै गिरिजाबाबुको शिक्षारम्भ भयो। सामान्य शैक्षिक जीवन बिताएका गिरिजाबाबुको राजनीतिक जीवन भने ‘अद्वितीय’ रह्यो।

किशोरावयले छुँदै गर्दा राजनीतिक चेतले भरिइसकेका गिरिजाबाबु आफ्ना दाजु विशेश्वरप्रसाद कोइराला(बीपी)को राजनीतिक दीक्षाले अझ परिपक्व भइसक्नुभएको थियो । विराटनगरको जुट मिलमा एक सामान्य मजदुरका रुपमा सार्वजनिक जीवन सुरु गर्नुभएका गिरिजाबाबु त्यही मिलमा भएको एउटा मजदुर विद्रोहबाट राजनीतिको बाटोमा डोरिनुभयो। मिल मालिकहरूसँग मजदुरका हकहितका बारेमा आवाज उठाउन थालेपछि त्यहाँका आवाजविहीन मजदुरहरूले उहाँलाई आफ्नो नेता मानिसकेका थिए । गर्भरचनामा अरु नै भए पनि २००३ साल फागुन २१ गते त्यो मिलमा सुरु भएको मजदुर आन्दोलनको अगुवा गिरिजाबाबु नै हुनुहुन्थ्यो।

यो मिलका मात्रै होइन विराटनगर भरिका हजारौँ मजदुर उहाँकै अगुवाइमा आन्दोलित भए । खासमा मजदुरका हकहितका कुरा उठाइए पनि त्यो आन्दोलन राणा शासकहरूका लागि एउटा चोटिलो झापड बन्यो । त्यही बेलै बिपी, मनमोहनहरूसँगै गिरिजाबाबु पनि गिरफ्तार हुनुभयो । र, उहाँहरूलाई ‘अड्डा’ सार्दै सार्दै काठमाडौँ पुर्याइयो । पहिलो पटकमै उहाँले तीन वर्ष जेल जीवन बिताउनुभयो।

कार्यकर्तालाई सङ्गठित राखिरहनसक्ने क्षमता विकास गरिसक्नुभएका गिरिजाप्रसादले नेपालमात्रै होइन भारत तथा भुटानमा भएका आन्दोलनहरूमा पनि नेतृत्वदायी भूमिका निभाउनुभएको थियो । राणा शासनविरुद्ध २००७ सालमा भएको नेपाली कांग्रेसले सुरु गरेको हतियारसहितको ‘जनक्रान्ति’को एक कमाण्डर गिरिजाबाबु पनि हुनुहुन्थ्यो। उहाँकै नेतृत्वमा नेपाली काँग्रेसको ‘मुक्ति सेना’ दोस्रो प्रयासमा विराटनगर ‘कब्जा’ गरेको थियो।

राजाले जेल हालेपछि उहाँले जेलभित्रै आमरण अनसन गर्नुभएको थियो । भारतका महात्मा गान्धीको जीवन र सिद्धान्तबाट प्रभावित हुनुभएका गिरिजाबाबु कलिलै उमेरदेखि आफ्नो संकल्पमा यतिसम्म हठी हुनुहुन्थ्यो कि त्यसका लागि उहाँले ज्यानमात्रै होइन ‘सबकुछ’ दाउमा राख्नुहुन्थ्यो । अन्ततः उहाँलाई २१ दिनपछि जेलमुक्त गरिएको थियो।

विस.२०३४ सालमा नेपाली कांग्रेसमा महामन्त्रीको जिम्मेवारी लिएर उहाँले पार्टीको सङ्गठनलाई निकै सक्रिय बनाउनुभयो। निर्वासित रहेकै बेला उहाँले पार्टीको आन्दोलनप्रति अन्तर्राष्ट्रिय समर्थन बलियो बनाइसक्नुभएको थियो । २०३७ साल वैशाखमा उहाँ नेपाल फर्किएर फेरि देशभरि पार्टी र सङ्गठनलाई अझ सुदृढ अनि बलियो बनाउने अभियान छेड्नुभयो।

जीवनको अन्तिम क्षणमा बिपी कोइरालाले आफ्ना नजिकका मित्रहरूसँग भन्नुभएको थियो ‘कृष्णप्रसाद भट्टराईको जस्तो नीति, गणेशमानको जस्तो त्याग अनि गिरिजाजस्तो सङ्गठनकर्ता भए नेपाली कांग्रेसकै नेतृत्वमा नेपालमा प्रजातन्त्र चाँडै नै आउनेछ ।’

विसं २०३९ सालमा स्वर्गीय हुनुभएका महामानव बिपीले भनेजस्तै २०४६ सालको जनआन्दोलनले ३० वर्षे पञ्चायत ढालेको थियो र देशमा फेरि प्रजातन्त्रको उज्यालो छरिएको थियो । त्यसको कमाण्डर गणेशमान, कृष्णप्रसाद र गिरिजाप्रसादहरू नै हुनुहुन्थ्यो । २०४७ सालमा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा नेपालमा प्रजातान्त्रिक संविधान जारी भयो। त्यसपछि २०४८ मा भएको आम निर्वाचनमा गिरिजाप्रसाद कोइराला मोरङ र सुनसरीबाट अत्यधिक मतका साथ विजयी हुनुभयो र नेपाली कांग्रेसको संसदीय दलको नेता पनि बन्नुभयो । त्यसपछि २०४८ साल जेठ १२ गते उहाँ देशको प्रधानमन्त्री बन्नुभयो । तीस वर्षे पञ्चायतपछि प्रजातन्त्रकालमा चुनाव जितेर प्रधानमन्त्री बन्ने सौभाग्य गिरिजाबाबुको थियो।

माओवादी द्वन्द्व सुरु भएसँगै देश फेरि गृहयुद्धको बाटोमा जाँदै थियो । यता दलहरूबीचको कलह पनि उत्कर्षमा पुगिरहेको थियो। पार्टीहरू आफ्नै नेतृत्वको सरकार ढाल्न र बनाउन उद्यत थिए । एकले अर्कोलाई लछार्न अनि पछार्न लागिपरेका थिए उता जङ्गलमा माओवादीले युद्धको सनही अझ तेज पार्दै थियो। अविश्वासको मत, प्रतिनिधिसभाको विघटन, पार्टीको आन्तरिक विभाजन अनि अल्पमत र बहुमतका सरकारहरू पनि यही बेलाका परिघटना थिए । मध्यावधि निर्वाचनको नियति पनि मुलुकले भोग्नुपर्यो । माओवादी युद्धका कारण दलीय दूरी त बढेकै थियो त्यसमा दरबार पनि ‘भिलेन’ बनेर उभिन थाल्यो।

विसं २०५८ साल जेठ १९ गते भएको दरबार हत्याकाण्ड देशमा अर्को उथलपुथलको एउटा ‘टर्निङ प्वाइन्ट’ बनिदियो । ज्ञानेन्द्र शाहले सत्ताशक्ति आफ्नो हातमा लिनासाथ माओवादीले आफ्नो युद्धको गति अझ तेज र विस्तार गरिरहेको थियो । २०५८ साल मङ्सिर ८ गते दाङमा सैनिक ब्यारेकमाथि आक्रमण गरेर माओवादीले दरबारविरुद्ध सिधा धावा बोलेको थियो । मङ्सिर ११ गते तत्कालीन शेरबहादुर देउवाको सरकारले सङ्कटकाल घोषणा ग¥यो।

त्यसबाट नेपाली कांग्रेसभित्रको आन्तरिक कलह झन् उत्कर्षमा पुग्यो । सङ्कटकाल थप गर्ने विषयमा भएको आन्तरिक मतभेदले प्रतिनिधिसभाको विघटनमात्रै भएन बरु नेपाली कांग्रेसको बाटो नै फाट्यो । शेरबहादुर देउवाले कांग्रेसका केही नेताहरू लिएर नयाँ पार्टी बनाउनुभयो । राजनीतिक घटनाक्रमहरू यत्तिमै सिमित रहेनन् । तत्कालीन युद्धरत माओवादीले रोल्पाको होलेरी बन्धक बनाएका केही सुरक्षाअधिकारीहरूलाई छुटाउनका लागि सैनिक परिचालनको अनुमति माग्दा राजा वीरेन्द्रले अपमान गरेर फर्काएपछि नै गिरिजाबाबु र दरबारबीचको मनमुटाव अझ चर्किएको थियो।

राजा ज्ञानेन्द्रले सङ्कटकाल घोषणा गरेपछि अन्योलपूर्ण अवस्थामै गिरिजाबाबुले ‘राजतन्त्र’ जान्छ भनिसक्नुभएको थियो । त्यसका लागि उहाँले मूलधारमा रहेका संसदीय दलहरूमात्रै होइन जङ्गलमा युद्ध गरिरहेको माओवादीसँग समेत भित्री सहमति गरिसक्नुभएको थियो। संसद्विना सरकार र व्यवस्था प्रजातान्त्रिक नहुने भन्दै संसद् पुनःस्थापनालाई ‘बटम लाइन’ बनाएर गिरिजाबाबु सबै राजनीतिक दलको साथ लिँदै २०६० वैशाख अन्तिमतिर आफै सडकमा ओर्लिनुभयो।

यो आन्दोलनलाई सबै राजनीतिक दल र माओवादीको पनि नैतिक समर्थन थियो। २०६२ सालको अन्तिमतिर आन्दोलनको उत्कर्षमा त माओवादी पनि अरू दलहरूसँगै मिसिएर सडक आन्दोलनमा आइसकेको थियो । माओवादीसहित सारा राजनीतिक दल अनि लाखौँ जनताले दरबार घेर्न थालेपछि २०६३ साल वैशाख ८ गते राजा ज्ञानेन्द्रले एउटा शाही घोषणा गरे । यो घोषणामा राजा ज्ञानेन्द्रले आफूले सत्ता छोडेको घोषणा गरेका थिएनन् । सात दलको आन्दोलन त्यत्तिकैमा रोकिएन । बरु दलहरूले अझ सशक्त आन्दोलनको घोषणा गरे

अन्ततः वैशाख ११ गते राजा ज्ञानेन्द्रले जनताको नासो जनतालाई नै फिर्ता गरिदिए । संसद् पुनःस्थापना भयो । त्यसमा सबै दलहरूले सहमति गरेर माओवादीलाई पनि संसदमा भित्र्याउने सहमति भइसकेको थियो । आखिरमा गिरिजाबाबुले आफ्नो अठोट पूरा गरेरै छोड्नुभयो। त्यो बेला गिरिजाबाबुले नचाहेको भए, माओवादीको युद्ध के हुन्थ्यो अनि देशको अवस्था के हुन्थ्यो होला ? त्यो परिस्थितिको आकलन नै गर्न निकै कठिन हुन्छ । २०६२÷०६३ मा सडक आन्दोलन सुरु हुनुअघि नै गिरिजाप्रसादले नै पहल गरेर माओवादीसहित सबै राजनीतिक दलहरूबीच १२ बुँदे सम्झौता भइसकेको थियो।

संसद् पुनःस्थापना भएपछि गिरिजाबाबु फेरि एकपटक देशको प्रधानमन्त्री बन्नुभयो । यो भने अन्तरिम सरकार थियो अनि गिरिजाबाबुको राजनीतिक जीवनको अन्तिम इनिङ पनि यही नै बन्यो। उहाँकै नेतृत्वमा २०६४ सालमा नेपालको इतिहासमै पहिलोपटक संविधानसभाको निर्वाचन भयो । यही संविधानसभाले ‘जनताको गणतान्त्रिक संविधान’का रुपरेखाहरू कोर्न सुरु गर्यो र दोस्रो संविधानसभाले २०७२ साल असोज ३ गते संविधान जारी गर्यो । भलै गिरिजाबाबुले यो दिन देख्न पाउनु भएन तर जसरी देशका ऐतिहासिक मोडहरूमा नेतृत्व सम्हाल्न नेपाली कांग्रेसमात्रै अघि लाग्यो यो संविधान पनि कांग्रेसकै अगुवाइमा जारी भयो । संविधान जारी हुने बेला नेपाली कांग्रेसका सभापति सुशील कोइराला हुनुहुन्थ्यो।

गिरिजाबाबु जति बाँच्नुभयो पूर्ण राजनीतिक जीवन नै बाँच्नुभयो । सारा व्यक्तिगत जीवनलाई उहाँले राष्ट्र र प्रजातन्त्रकै लागि समर्पित गर्नुभयो । अनि त्यसकै खातिर बाँच्नुभयो । सङ्घर्ष, प्रजातन्त्र अनि राजनीति नै उहाँको जीवन सिद्धान्त बने । तर राजनीतिक जीवनको सुरुआतदेखि जीवनको अन्त्यसम्म पनि राजनीतिको कोपभाजनले उहाँलाई पछयाइरह्यो।

पार्टीभित्रैको आन्तरिक राजनीतिक चक्रदेखि दलीय राजनीतिको व्यूहसम्मको नियतिमा बाँच्नुभएका गिरिजाबाबुको एउटा सपना भने पूरा हुनै पाएन त्यो थियो– गणतान्त्रिक मुलुकको राष्ट्रपति । बिथोलिएको त्यो सपनाका पछि देशीय अनि अन्तर्राष्ट्रिय कारणहरू थिए जो बिस्तारै बाहिर आउँदैछन् । बेलाबेला गिरिजाबाबुको सम्झनामा ओकलिने पछुतोहरू त्यसैका परिणाम हुन् । तर जे भए पनि त्यो सङ्क्रमणकालीन अर्थात् अन्तरिमकालमा भने गिरिजाबाबु ‘हेड अफ द स्टेट’कै हैसियतमा रहनुभयो।

अहिले पनि गिरिजाबाबुले राजनीतिको मूलबाटोमा ल्याएर हिँडाउनु भएका कतिपय राजनीतिक सहयात्रीहरू सत्ता र शक्तिमै हुनुहुन्छ । बेलामा उहाँहरूले गिरिजाबाबुका बारेमा गुणगान गाउनु हुन्छ । तर उहाँसँग गरिएका प्रतिबद्धताहरूबाट धेरै पर पुगिसक्नुभएको छ । त्यो बेला गिरिजाबाबु साँच्चिकै देशको पहिलो राष्ट्रपति भएको भए सायद देशको अवस्था अलि फरक हुनसक्थ्यो । देशले अझ राम्रो विकासको गति पाउने थियो । यद्यपि गिरिजाबाबु विचलित हुनु भएन । बरु राजनीतिक परिस्थितिका उपजहरूलाई स्वीकार गररै जीवनभरि रहनुभयो । गिरिजाबाबुले बाँचेको त्यो निकै अग्लो कद अझ युगीन रहनेछ । र, युगौँयुगसम्म गिरिजाबाबु नेपाली राजनीतिको त्यही अग्लो शिखर बनेर नेपालको राजनीतिक इतिहासमा बाँचिरहनुहुनेछ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# नागरिकता दिलाउने नक्कली बाबु पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहामा भारतीय नागरिकलाई नागरिकता दिलाउन नक्कली बुवा बन्ने व्यक्ति पक्राउ परेका छन् । नरहा गाउँपालिका–३ खोरियाका अमानत मियाँलाई प्रहरीले पक्राउ गरेको हो ।

मियाँलाई मंगलबार साँझ घरबाटै पक्राउ गरिएको सिरहाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रमेश पण्डितले जानकारी दिए । सिरहा जिल्ला अदालतबाट बुधबार म्याद थपेर उनीमाथि विस्तृत अनुसन्धान भइरहेको छ ।

नरहा गाउँपालिका–३ को वडा कार्यालयको सिफारिसमा जिल्ला प्रशासन कार्यालय, सिरहाले भारतीय नागरिक मोसताक मियाँलाई २०८० असार २६ गते नेपाली नागरिकता दिएको थियो । अमानत मियाँ र उनकी पत्नी रजिना खातुन नक्कली बुबाआमा बनेका थिए ।

नागरिकताका लागि वडाध्यक्ष रुस्तम अन्सारी र वडासचिव रामदेव मण्डलले सिफारिस दिएका थिए ।

वडाध्यक्ष, सचिव र जिल्ला प्रशासनका कर्मचारीले २ लाख भारतीय रपैयाँ घुस लिएर नागरिकता दिलाएको भन्दै जिल्ला प्रशासनदेखि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र गृह मन्त्रालयसम्म उजुरी परेको छ । सांसद राजकिशोर यादवले वडाध्यक्ष सत्तारुढ एमालेका भएकाले उनलाई संरक्षण गरिएको भन्दै आपत्ति जनाएका थिए ।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
जनकपुरधाम, धनुषा, नेपाल

ठेक्का रद्द गरिएको सुचना ।
प्रकाशन मिति २०८१/१२/०७

यस प्रदेश स्वास्थ्य आपूर्त व्यवस्थापन केन्द्र जनकपुरधामको मिति २०८१/०९/२१ गतेमा E-Bidd मार्फत राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ठेक्का नं. MP/PHLMC/NCB/GOODS-14/2081-082 को The Procurement and supply of Ayurved Medicines को वोलपत्रको सुचना प्रकाशन भई सो वोलपत्रको आर्थिक प्रस्ताव खोल्दा न्यूनतम सारभूत रुपमा प्रभावग्राही नदेखिएकोले यस केन्द्रको मिति २०८१/१२/०४ गतेको निर्णय अनुसार उक्त ठेक्का रद्द गरिएको सबै सरोकारवालालाई जानकारीको लागि सुचना प्रकाशित गरिएको छ ।

Government of Madhesh Province
Ministry of Industry, Commerce and Tourism
Janakpurdham, Dhanusha

NOTICE OF INVITATION FOR ELECTRONIC BID
First Date of Publication: 20th Mach 2025

1. Ministry of Industry, Commerce and Tourism, Janakpurdham, Dhanusha. invites **electronic bids** from eligible Nepalese bidders for the following works:

| S. No. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Estimated Amount (without VAT and PS) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | MOICT/ VEH/01/ 2081/082 | Supply and delivery of Four Wheeler Vehicles | 3,000.00 | 1,2400000.00 | 90 days | 291400 / 120 days | |

| | |
|---|---|
| **Deadline for Bid Submission:** | 2025/04/20 till 12:00 Noon |
| **Date, Time and Place of Bid Opening:** | 2025/04/20 2:00 PM at Ministry of Industry, Commerce and Tourism, Janakpurdham, Dhanusha |
| **Account Number for Bid Document Purchase:** | Name of Bank: Rastriya Banijya Bank, Janakpurdham<br>Account Name: Ministry of Industry, Commerce and Tourism, Janakpurdham, Dhanusha<br>Account no.: 1000100200010000<br>Office Code: 3070017012<br>Revenue Code: 14229 |
| **Account Number for Bid Security Deposit:** | Account Name: Pradesh Lekha Niyantran Karyalaya, Janakpurdham<br>Bank Name: Rastriya Banijya Bank, Janakpurdham<br>Account Number: 1220100202030000 |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Ministry of Industry, Commerce and Tourism, Janakpurdham, Dhanusha or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
जनकपुरधाम, धनुषा, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सुचना ।
प्रथम पटक प्रकाशित मित २०८१/१२/०७

यस केन्द्रको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिलको ठेक्काहरु निम्न मितिमा E- Bid मार्फत राष्ट्रिय स्तरको दैनिक पत्रिकामा वोलपत्रको सुचना प्रकाशन बमोजिम पेश हुन आएका वोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित भएको वोलपत्र न्यून मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेको भनी बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिका लागि सिफारिस भएको हुंदा, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्वन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि वोलपत्र स्वीकृत गर्न ७ दिने आश्यको सुचना प्रकाशन गरिएको छ ।

तपसिल

| सुचना प्रकाशन मिति | ठेक्का नं. | कामको नाम | स्वीकृतिको लागि छनौट भएका वोलपत्र दाताहरुको नाम र ठेगाना | कवोल रकम (मु.अ.कर समेत) |
|---|---|---|---|---|
| २०८१/०९/१४ | MP/PHLMC/NCB/GOODS-11.2/2081-082 | The Procurement and Supply of Inhaler and DPI Device (package ll) | Medi Sales Pharma, Bharatpu 12, chitwan | २४७४९९५।२० |
| २०८१/०९/११ | MP/PHLMC/NCB/GOODS-9.2/2081-082 | The Procurement and Supply of Inhaler and DPI Device (package ll) | Bluemoon Meditech Pharma, Naxal, Kathmandu | ४१५५००।०० |

# रामगोपालपुरमा मन्त्री लखेटिए



**मधेशदृष्टि**
**महोत्तरी ।**
मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादव महोत्तरीमा लखेटिएका छन् । रामगोपालपुर नगरपालिका पुगेका मन्त्री यादवलाई स्थानीयले लखेटेका हुन् ।

मन्त्री यादवको गृहजिल्ला समेत रहेको अवस्थामा मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री यादव आफ्नै निर्वाचन क्षेत्रमा जनताको लखेटाइमा परेका हुन् । रामगोपालपुर नगरपालिका वडा नम्बर ८ टिकुलिया चोकमा योजना सञ्चालनका विषयलाई लिएर नेकपा माओवादी केन्द्रका कार्यकर्तासँग तनाव बढेपछि मन्त्री यादव लखेटिएको स्थानीयले बताए । स्थानीयका अनुसार पछिल्लो समय मन्त्री यादवले योजना सञ्चालनमा मनोमानी गरेको र प्रदेश सरकारबाट सञ्चालित योजना कमिसन लिएर योजना बलपूर्वक बेचिएको स्थानीयको आरोप छ ।

त्यस्तै, स्थानीय उपभोक्त समितिबाट सञ्चालित हुने योजनामा मन्त्री यादवले कमिसन मागेको र ठेकेदारमार्फत काम गराउन बलपूर्वक सञ्चालनमा ल्याउन खोजिएको उनीमाथि आरोप छ । पछिल्लो समय मधेश प्रदेश सरकारका मन्त्रीहरुले अरु सासंदको योजनासमेत ठेकेदारमार्फत पालिकाबाट सिधै उपभोक्ता समिति गठन गराएर ठेकेदारमार्फत सञ्चालन गरिरहेको जनआवाज उठ्दै आएको छ ।

केही समयअघि मात्रै मन्त्री यादवले पत्रकारले योजना मागेको र समाचार लेखिदिन्छु भन्दै एमालेले नेतृत्वको गरेको मन्त्रालयको छानिछानी समाचार लेखेको अभिव्यक्ति मात्र दिएका थिएनन्, उनले आफू यही दबाबले डिप्रेसनमा जान्छु कि भन्नेसम्म भय रहेको प्रतिक्रिया दिएका थिए । मन्त्री यादव नेकपा एमालेको मधेश प्रदेश संसदीय दलका नेता र जनमत पार्टी नेपालका मुख्यमन्त्री सतिश कुमार सिंहको सरकारमा भौतिक पूर्वाधार विकास मन्त्री छन् ।

# महतोद्वारा राष्ट्रवादी लोकतान्त्रिक मोर्चा गठन



**मधुकर मिश्रीलाल**
**जनकपुरधाम ।**
राजतन्त्रका कट्टर समर्थक तथा पूर्वराजा ज्ञानेन्द्रविक्रम शाहका निकटवर्ती किशोरी महतोले राष्ट्रिय लोकतान्त्रिक मोर्चा गठन गरेका छन् । पुराना राष्ट्रवादी नेता तथा विश्व हिन्दू परिषद नेपालका अध्यक्ष देवराज अधिकारीलाई मोर्चाको सल्लाहकार चयन गरिएको छ ।

राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा पूर्वराजा ज्ञानेन्द्रविक्रम शाह देवले दिएको सन्देशपछि महतोले राष्ट्रिय प्रजातन्त्र मोर्चा गठन भएको जानकारी दिए । उनले पूर्वराजा शाहको सन्देशमा देश बचाउन नेपाली जनतालाई आह्वान गरेको बताए । उनको आह्वानपछि मात्रै राष्ट्रवादी लोकतान्त्रिक मोर्चा गठन गरेको उनले बताए ।

राष्ट्रवादी लोकतान्त्रिक मोर्चाका संयोजक महतोले देश बचाउन वर्ग, जाति, दल वा क्षेत्रबिना राष्ट्रवादी लोकतान्त्रिक मोर्चामा लाग्न नेपाली जनतालाई आह्वान गरे ।

उनले नेपालमा धर्म परिवर्तन मौलाएको बताए । विश्वको एकमात्र हिन्दू राष्ट्रलाई विश्वको नक्साबाट हटाउने कार्य सुनियोजित षड्यन्त्रको हिस्साका रूपमा भएको उनको निष्कर्ष छ । उनले राजासहित लोकतन्त्र र हिन्दू राष्ट्रका लागि देशव्यापी अभियान चलाइने बताए ।

# कलैयाको बसपार्क सञ्चालनमा आउँदै

**संजय तिवारी**
**कलैया ।**
बाराको कलैया उपमहानगरपालिकाले वडा नम्बर ४ मा रहेको बसपार्क व्यवस्थित तरिकाले सञ्चालन हुने भएको छ । भौतिक संरचना थप व्यवस्थित गर्दै बसपार्कबाटै यात्री चढाउने र ओराल्ने कार्य २०८२ वैशाख १ गतेदेखि हुने जनाइएको छ ।

नगर प्रमुख बिनोद साहको अध्यक्षतामा बुधबार नगरपालिकाको सभाहलमा बसेको सर्वपक्षीय बैठकले बसपार्क सञ्चालनका लागि आवस्यक तयारी चैत मसान्तभित्र सम्पन्न गरी वैशाख १ गतेदेखी बिधिवत रुपमा सञ्चालन गरिने निर्णय भएको छ ।

कलैया उपमहानगरपालिकाका जनप्रतिनिधि, जिल्लाका सुरक्षा प्रमुख, बस तथा अन्य यातायात व्यवसायी संघलगायतका प्रतिनिधि सम्मिलित बैठकले बसपार्कभित्र टिकट काउन्टर राख्ने, गाडी इन्ट्री गर्ने तथा त्यसको रेकर्ड राख्ने र ती सबै कार्यका लागि नगर कार्यपालिकाले बसपार्क सञ्चालन कार्यविधि बनाउने निर्णय भएको छ ।

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
शिक्षा विकास निर्देशनालय
जनकपुरधाम, धनुषा ।

घर भाडामा लिने सम्वन्धी सूचना ।

(प्रथम पटक प्रकाशन मितिः २०८१।१२।७)

शिक्षा विकास निर्देशनालय, मधेश प्रदेश, जनकपुरधाम धनुषाको लागि घरभाडामा लिने सम्बन्धी १५ दिने सूचना आव्हान गरिएको छ । विस्तृत जानकारीको लागि निर्देशनालयको वेयवसाइट www.edd.madhesh.gov.np र फेसबुक पेज eddjanakpur मा हेर्नु हुनका साथै कार्यालय समय भित्र निर्देशनालयमा सम्पर्क राख सम्वन्धित घरधनीको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

- निर्देशक

# ठाकुरराममा मतगणना जारी नर्सिङमा अन्यौल कायमै

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको ठाकुरराम बहुमुखी क्याम्पसमा मतदान भएको लगभग २४ घन्टापछि मतगणना शुरु भएको छ । पत्रकार र प्रहरीको रोहबरमा गणना गर्ने निर्वाचन समितिले सहमति जनाएपछि बुधबार साँझ पाँच बजेपछि मतगणना शुरु भएको पर्साका प्रमुख प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए ।

शुरुमा बाहिरको प्रतिनिधि पठाएको भन्दै निर्वाचन समितिले मंगलबार राति १० बजेदेखि नै हुने भनिएको गणना एक्कासि बुधबार बिहान १० बजेसम्मका लागि रोकिएको थियो । तर बुधबार बिहानदेखि विद्यार्थी संगठनका प्रतिनिधि र निर्वाचन समितिका पदाधिकारीबीच विभिन्न मुद्दामा सहमति नजुट्दा गणना धकेलिँदै गएको थियो । अन्तिम चरणमा सबै विद्यार्थी संगठनका प्रतिनिधिले निर्वाचन समितिका पदाधिकारीसँग आपसी सहमति गरेपछि मतगणना थालिएको पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताए ।

उनका अनुसार चार ठाउँबाट मतगणना भइरहेको छ । ठाकुरराम क्याम्पसमा मंगलबार भएको मतदानमा कुल १० हजार ७ सय २९ मतमध्ये ४० प्रतिशत अर्थात ४ हजार ३ सय ६ मत खसेको थियो । ठाकुरराम क्याम्पसमा स्ववियु सभापति पदका लागि विभिन्न दलनिकट संगठन तथा स्वतन्त्र समूहबाट गरी १४ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ सभापति, सचिव र कोषाध्यक्ष र ११ सदस्य तथा समानुपातिकतर्फ १० सदस्य गरी कूल २१ पदका लागि २ सय ४७ जनाको उम्मेदवारी परेको छ ।

**मतगणना अन्यौलमै**
वीरगंज नर्सिङ कलेजको निर्वाचन प्रक्रियामा गम्भीर त्रुटि तथा धाँधली भएको भन्दै नेपाल विद्यार्थी संघ (नेविसंघ) र अखिल (क्रान्तिकारी) ले विरोध गरेपछि मतगणना अन्यौलमा परेको छ । सदर र बदर मतको विषयमा विवाद उत्पन्न भएपछि नेविसंघ र अखिल (क्रान्तिकारी) का विद्यार्थीले कलेजको मूल गेटमा टायर बालेर प्रदर्शन गरेका थिए । दुवै संगठनले क्याम्पस प्रशासन र निर्वाचन समितिले मिलेमतो गरेर धाँधली गरेको आरोप लगाएका छन् । मतगणना लगभग सकिनै लाग्दा विवाद उत्पन्न भएको थियो । नेविसंघले क्याम्पस प्रशासनले एक विशेष संगठनलाई जिताउन बदर मतलाई समेत सदर गरेको आरोप लगाएको छ । क्याम्पस प्रमुख डा. कल्पना पौडेल र निर्वाचन अधिकृत अञ्जु कुमारी महतोमाथि निष्पक्ष मतगणनामा हस्तक्षेप गरेको आरोप लगाउँदै नेविसंघ र अखिल (क्रान्तिकारी) का विद्यार्थीहरू आक्रोशित बनेका छन् । मतगणनाको निष्पक्षतामा प्रश्न उठाउँदै नेविसंघ र अखिल (क्रान्तिकारी) का विद्यार्थीहरूले पुनः मतगणनाको माग गरेका छन् । साथै, उनीहरूले क्याम्पस प्रमुख र निर्वाचन अधिकृतको राजीनामा समेत माग गरेका छन् ।

# महेन्द्र विन्देश्वरीमा दोहोरिए रञ्जीत

**मनोज माझी**
**राजविराज ।**
महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, स्वतन्त्र विद्यार्थी युनियनको अध्यक्षमा पुनः रञ्जीत कुमार यादव निर्वाचित भएका छन् ।

उनी समाजवादी विद्यार्थी युनियन नेपाल र अखिल (क्रान्तिकारी) गठबन्धनका साझा उम्मेदवार थिए । स्वतन्त्र उम्मेदवार विनय कुमार यादव (बालेन) लाई ६१ मतले पराजित गर्दै रञ्जीत दोस्रो पटक अध्यक्ष पदमा निर्वाचित भएका हुन् ।



लगातार दोस्रोपटक जितेर उनले इतिहास रचेका छन् । मंगलबार राति ९ बजेदेखि शुरु भएको मतगणनाको प्रत्यक्षतर्फ पदाधिकारीको अन्तिम परिणाम बुधबार बिहान १० बजे सार्वजनिक भएको हो ।

रञ्जीतले ३ सय ९३ मत ल्याउँदा निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार विनय कुमार यादवले ३ सय ३२ मत प्राप्त गरे । अनेरास्ववियु र अशोक राई नेतृत्वको जसपा निकट समाजवादी विद्यार्थी युनियन गठबन्धनकी उम्मेदवार मनिषा कुमारी साह ३ सय ३१ मत प्राप्त गरि तेस्रो स्थानमा रहिन् ।

नेविसंघ र लोकतान्त्रिक विद्यार्थी संघ गठबन्धनका अध्यक्ष पदका उम्मेदवार नितिश कुमार यादव १ सय २ तथा जनमत विद्यार्थी संघका अध्यक्ष पदका उम्मेदवार त्रिवेणी कुमार यादव क्रमशः ८२ मत ल्याई चौथो र पाँचौँ स्थानमा रहे ।

त्यस्तै, सचिव पदमा ३ सय ९५ मत ल्याई समाजवादी विद्यार्थी युनियन नेपाल र अखिल क्रान्तिकारी गठबन्धनकै मुकेश कुमार साह र सर्वाधिक ४ सय १० मत ल्याई कोषाध्यक्ष पदमा कञ्चन कुमारी ठाकुर निर्वाचित भएकी छिन् । २ हजार ७ सय ३१ मतदाता रहेको स्ववियु निर्वाचनमा १ हजार २ सय ७२ मत खसेको थियो ।

# जनज्योतिमा नेविसंघको प्यानल विजयी

**मुकेश कुमार साह**
**रौतहट ।**
चन्द्रनिगाहपुरस्थित जनज्योति बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा नेपाल विद्यार्थी संघ (नेविसंघ) को प्यानलले जित हासिल गरेको छ । बुधबार सार्वजनिक भएको मत परिणामअनुसार नेविसंघले भारी मतान्तरले विजय हासिल गरेको हो ।

सभापति पदमा नेविसंघका मोहम्मद नौसाद आलमले १ हजार १ सय ७४ मत प्राप्त गर्दै स्पष्ट जित निकाले । उनका निकटतम प्रतिस्पर्धी अनेरास्ववियुका दामोदर उप्रेतीले २ सय ३ मत पाए भने अखिल (क्रान्तिकारी) का अजय पटेलले १ सय ७० मतमा चित्त बुझाए ।



सचिव पदमा नेविसंघका शाहिल पुरी १ हजार १ सय २८ मत प्राप्त गर्दै विजयी भए । उनका प्रतिस्पर्धी नेकपा समाजवादी पार्टी (एस) का शुभ श्रेष्ठले २ सय ३१ मत ल्याए, उनले अनेरास्ववियुसँग गठबन्धन गरी चुनाव लडेका थिए । अखिल (क्रान्तिकारी) कि सुस्मिता घलानले १ सय ८७ मत पाइन् ।

कोषाध्यक्ष पदमा नेविसंघकै सम्झना कुमारी चौधरीले १ हजार १ सय ४८ मत प्राप्त गर्दै जित दर्ता गराइन् ।

निकटतम अनेरास्ववियुका अभिशेष चौधरीले २ सय ११ मत पाए भने अखिल (क्रान्तिकारी) कि अनिषा चौधरीले १ सय ८१ मत पाइन् । सदस्य पदमा पनि नेविसंघले आफ्नो वर्चस्व कायम राख्दै विकास कुमार दास, आर्जु भट्टराई, रोहन श्रेष्ठ, पुष्पा कार्की, ऋतिक सिंह, रोजिना कुमारी काफ्ले, र सुशील कुमार पहरीलाई विजयी गराएको छ । समानुपातिकतर्फ नेविसंघले १ हजार १ सय २९, अनेरास्ववियुले २ सय ४१, समाजवादी विद्यार्थी युनियनले ९९ र अखिलले २ सय २ मत पाएको छ । निर्वाचन अधिकृत विनोद प्रसाद तिमल्सिनाका अनुसार २ हजार ९ सय ५४ मतदाता रहेकामा १ हजार ६ सय ८७ मत खसेको थियो । यसपटकको निर्वाचनमा नेविसंघ, अनेरास्ववियु, अखिल (क्रान्तिकारी) र समाजवादी विद्यार्थी युनियन गरी ३४ उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए ।

# पिएम कप क्रिकेटः मधेश विजयी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रधानमन्त्री (पिएम) कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको इतिहासमा त्रिभुवन आर्मी क्लबविरुद्ध मधेश प्रदेशले पहिलोपटक जित हासिल गरेको छ । बुधबार भएको खेलमा मधेशले आर्मीलाई ३ विकेटले हराउँदै ऐतिहासिक जित हात पारेको हो ।

मधेशले आर्मीलाई समग्रमा दोस्रो पटक र पिएम कपमा पहिलो पटक हराएको हो । सन् २०२३ मा पोखरामा भएको केपी ओली कपको फाइनलमा आर्मीलाई हराउँदै मधेश च्याम्पियन भएको थियो । आर्मीले दिएको २ सय १८ रनको प्रतिस्पर्धात्मक लक्ष्य मधेशले ४८ ओभरमा ७ विकेट गुमाएर पूरा गर्यो । मधेशको जितमा कप्तान अनिल साहले सर्वाधिक ४५ रन जोडे । उनले ४८ बलको सामना गर्दै ७ चौका प्रहार गरे ।

रुपेश सिंहले २० बलमा २ चौका र २ छक्काको सहयोगमा नट आउट ३८ रन जोडे । रुपेशले आठौँ विकेटका लागि निखिल सिंहसँग मिलेर ५० रनको नट आउट विजयी साझेदारी गरे । निखिल २६ बलमा १ चौकाको सहयोगमा १४ रनमा नट आउट रहे । हरिशंकर साह र पवन सर्राफ समान ३७ तथा शैलेन्द्र साह १५ रनमा आउट भए । आर्मीका लागि नरेन साउदले ३ तथा सोमपाल कामी र बसिर अहमदले समान २ विकेट लिए ।

त्यसअघि लमहीस्थित देउखुरी क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको आर्मीले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर २ सय १७ रनको प्रतिस्पर्धात्मक योगफल तयार गरेको थियो । आर्मीका लागि भीम सार्कीले सर्वाधिक ८९ रन जोडेका थिए । शतक बनाउँन ११ रनले चुकेका भीमले १ सय २६ बलको सामना गर्दै ४ चौका प्रहार गरेका थिए । सन्तोष कार्की ५३ बलमा ३ चौकाको सहयोगमा ३३ रन जोड्दै आउट भए । विवेक यादव १६, तृतराज दास १४, कप्तान विनोद भण्डारी ११ तथा बसिर अहमद १० रनमा आउट भए । कुशल मल्ल २४ र नरेन साउद ८ रनमा नट आउट रहे ।

मधेशका लागि पवन सर्राफ, कमल गुप्ता र रुपेश सिंहले समान २ तथा रञ्जित कुमारले १ विकेट लिए । प्रतियोगितामा आर्मीले पहिलो हार बेहोरेको छ । खेलेको ५ खेलमा अपराजित रहँदै दोस्रो स्थानमा रहेको आर्मीको यस संस्करणको पहिलो हार हो । हारपछि पनि पनि आर्मी ६ खेलमा १० अंकका साथ दोस्रो स्थानमा छ । विजयी मधेशले पाँचौँ खेलमा दोस्रो जित हात पारेको छ ।

# निजी स्वास्थ्य संस्था संघर्ष समितिद्वारा ज्ञापनपत्र

**मधेशदृष्टि**
**रौतहट ।**
निजी स्वास्थ्य संस्था संघर्ष समितिले चन्द्रपुर नगरपालिकाभित्र सञ्चालन भइरहेका निजी स्वास्थ्य संस्थाको मापदण्ड तथा अनुमतिसम्बन्धी विषयलाई लिएर गम्भीर असन्तुष्टि व्यक्त गर्दै प्रमुख जिल्ला अधिकारी (सिडियो) बिनोद कुमार श्रेष्ठलाई ज्ञापनपत्र बुझाएको छ । समितिले स्वास्थ्य संस्थालाई अनावश्यक रूपमा दबाब दिने, अनुमति रोक्ने तथा सञ्चालनमा बाधा पुर्‍याउने कार्य तत्काल रोक्न माग गरेको हो ।

समितिका संयोजक मुकेश कुमार गुप्ताले ज्ञापन पत्र बुझाउँदै भने, 'निजी स्वास्थ्य संस्था कुनै व्यापारिक मुनाफाका लागि नभई जनताको उपचार सेवाका लागि स्थापित छन् । प्रशासनले अनुमति रोक्ने तथा अनुगमनका नाममा अनावश्यक हस्तक्षेप गर्ने कार्य तत्काल बन्द हुनुपर्छ । यदि समस्या समाधान नभए चरणबद्ध आन्दोलन घोषणा गरिनेछ ।'

संयोजक गुप्ताका अनुसार निजी स्वास्थ्य संस्था अनुगमनका नाममा अनावश्यकरूपमा बन्द गरिदिँदा बिरामी उपचारबाट वञ्चित भइरहेको गुनासो आएको छ ।

केही दिनअघि मात्र चन्द्रपुरमा स्वास्थ्य सेवा नपाएर बिरामीको मृत्यु भएको घटनालाई समितिले प्रशासनको लापरबाहीको परिणाम भनेको छ । सरकारले स्वास्थ्य संस्थासँग उचित संवाद नगरी एकतर्फी रूपमा निर्णय लिएको भन्दै समितिले आपत्ति जनाएको छ ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी श्रेष्ठले समितिका मागलाई गम्भीरतापूर्वक लिँदै शीघ्र समाधानका लागि सम्बन्धित निकायसँग समन्वय गरिने प्रतिबद्धता जनाए । उनले भने, 'स्वास्थ्य संस्था आवश्यक सेवा प्रदायक हुन् । कानूनी प्रक्रियाअनुसार सञ्चालन भए कुनै पनि संस्था बन्द हुने छैन ।'

संघर्ष समितिले प्रशासनले समस्या समाधान नगरे कडा आन्दोलन गर्ने चेतावनी दिएको छ । समितिका अनुसार, अगामी दिनमा स्वास्थ्य संस्था सञ्चालनमा आउने अवरोधविरुद्ध व्यापक विरोध कार्यक्रम घोषणा गरिने जनाएको छ ।

# रामनवमीमा सार्वजनिक बिदा

**जनकपुरधाम ।**
सरकारले रामनवमीका दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । चैत ४ गतेको मन्त्रिपरिषद्को बैठकले यस्तो निर्णय गरेको हो । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा यस्तो जानकारी दिए ।

बैठकले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुखमा बैतडीका दिनेशप्रसाद भट्टलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता गुरुङले बताए । अर्घाखाँचीका यदुनाथ पौडेललाई जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको प्रबन्ध सञ्चालकमा नियुक्त गर्न जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको सञ्चालक समितिलाई निर्देशन दिने तथा सुर्खेतकी पवित्रा सुवेदी र मकवानपुरका रामशरण सापकोटालाई शिक्षक सेवा आयोगको सदस्यमा नियुक्ति गर्ने निर्णय भएको उनले जानकारी दिए ।

# ड्राइपोर्ट बगही जोड्ने सडकमा कल्भर्ट निर्माण शुरु



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको ड्राइपोर्टदेखि बगही जोड्ने सडकमा कल्भर्ट निर्माण शुरु भएको छ । कल्भर्ट नहुँदा आउजाउमा समस्या भएको स्थानीयको गुनासोपछि महानगरपालिकाले कल्भर्ट निर्माण शुरु गरेको हो । ग्रामीण क्षेत्रका वासिन्दालाई आउजाउमा सहज होस् भनेर कल्भर्ट निर्माणको काम अघि बढाएको महानगरपालिकाका प्रमुख राजेशमान सिंहले बताए । कल्भर्ट निर्माण प्रमुख सिंहले शिलान्यास गरेका छन् । ३३ लाख रुपैयाँ बजेटमा एक महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी काम अघि बढाइएको महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णले जानकारी दिए । कार्यक्रममा महानगरपालिकाका योजना प्रमुख अवधेश कुशवाह, प्राविधिक सल्लाहकार प्रकाश अमात्य, स्थानीय युवा, बुद्धिजीबीको उपस्थिति थियो ।

# सफा वडाका लागि वडा सदस्यको अभियान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २ मा लामखुट्टेको सङ्क्रमण नियन्त्रण गर्न विशेष फगिङ अभियान सञ्चालन भएको छ ।

वडा सदस्य अमित कुमार साहको नेतृत्वमा टोलटोलमा कीटनाशक औषधि छर्किंदै स्थानीय बासिन्दालाई लामखुट्टेको जोखिमबाट बचाउने प्रयास भएको हो । वडा कार्यालयको समन्वयमा कर्मचारीको टोली मोटरसाइकलमा सवार हुँदै विभिन्न स्थानमा फगिङ गरिरहेको छ । अभियानक्रममा प्रमुख सडक, गल्ली, बस्ती र लामखुट्टे प्रजनन हुने स्थानलाई प्राथमिकता दिइएको छ । अभियानबारे



जानकारी दिँदै वडा सदस्य साहले भने, 'हाम्रो लक्ष्य वडा नम्बर २ लाई सफा, स्वस्थ र रोगमुक्त बनाउनु हो, लामखुट्टेको नियन्त्रण गर्न फगिङ महत्वपूर्ण उपाय भएकाले हामी निरन्तर काम गरिरहेका छौँ ।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन